# प्रदेश नं. १ आकस्मिक कोष संचालन ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०२।११

संवत् २०७५ सालको ऐन नं. ५

<u>प्रस्तावना</u> : प्रदेश सभाबाट स्वीकृत विनियोजित रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरी सुव्यवस्थित ढंगले त्यस्तो कोषको संचालनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "प्रदेश नं. १ आकस्मिक कोष संचालन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल व्यवस्थापन गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

(ख) "प्रदेश आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ ।

३. <u>प्रदेश आकस्मिक कोषको स्थापना</u> : प्रदेश आकस्मिक कोषको नामले प्रदेश नं. १ मन्त्रिपरिषद्ले एउटा कोष स्थापना गर्नेछ ।

४. <u>प्रदेश आकस्मिक कोषमा जम्मा गरिएको रकम</u> : प्रदेश सञ्चित कोषबाट विनियोजित गरे बमोजिमको रुपैंयाँ झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ ।

५. <u>प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने</u> : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

६. <u>प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने</u> : प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गरिनेछ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १

७. **<u>प्रदेश आकस्मिक कोषको सञ्चालन</u>** : (१) प्रदेश आकस्मिक कोषको सञ्चालन प्रदेश मन्त्रालयबाट हुनेछ ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची -१ बमोजिमको ढाँचामा प्रदेश मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ।

८. **<u>आकस्मिक कोषबाट खर्चको निकासाको माग</u>** : (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नु पर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछ :-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(घ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(ङ) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय ।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

९. **<u>खर्चको रकम सोधभर्ना गर्नु पर्ने</u>** : (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ ।

१०. **<u>आकस्मिक कार्य पुरा भएको सूचना गर्ने</u>** : आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ ।

११. **<u>खर्च नभएको रकम प्रदेश संचित कोषमा दाखिला गर्ने</u>** : प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने

यकिन गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश आकस्मिक कोषमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो अधिकारीले सोको जानकारी प्रदेश मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई दिनु पर्नेछ ।

१२. **अनुसूचीमा हेरफेर गर्न सक्ने** : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

<u>आकस्मिक कोषको स्रेस्ता</u>

आकस्मिक कोषको रकम रु. ............................... अक्षरेपी...............................................................

| क्र.सं. | आकस्मिक कार्यको विवरण | विनियोजन को नाम र सङ्ख्या | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | थप पेश्की मागिएको रकम | थप पेश्की दिइएको रकम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पुरा भएको मिति | आकस्मिक काम पछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोधभर्नार कम | पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृतको दस्तखत .......

मिति: ..................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १